# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-२ सङ्ख्या-१० सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०७५/०७/१३

## भाग-२

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## व्यवसाय दर्ता, नवीकरण तथा सूचिकृत सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना** : व्यापार, व्यवसाय, उद्यमलाई अभिलेखीकरण गरी व्यवस्थापन, प्रवर्द्धन र नियमन गरी तत् सम्बन्धी नीतिगत व्यवस्था बमोजिम आफ्नो क्षेत्र भित्रका व्यापार, व्यवसाय, उद्यम र पेशामहरुको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमनसहित व्यवसाय कर लगाई असूल गर्ने कार्यलाई सरल र वैज्ञानिक बनाउदै गाउँपालिकाको आम्दानीमा टेवा पुऱ्याउन वाञ्छनीय देखिएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड ञ.६ बमोजिम अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७५/०७/१३ गतेको बैठकले यो व्यवसाय दर्ता, नवीकरण तथा सूचिकृत कार्यविधि, २०७५ स्वीकृत गरेको छ।

१. **नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"व्यवसाय दर्ता, नवीकरण तथा सूचिकृत सम्बन्धी कार्यविधि, २०७५** रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "आर्थिक ऐन" भन्नाले सुनकोशी गाउँपालिकाको सालबसाली आर्थिक ऐन सम्झनु पर्छ।

(ख) "अधिकृत" भन्नाले यो कार्यविधि बमोजिम दर्ता, नवीकरण र सूचीकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँ कार्यपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्छ।

(ग) "कर" भन्नाले गाउँलिकासँग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम सुनकोशी गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार र क्षेत्रगत एवं व्यापारिक महत्त्वको आधारमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दस्तुर, जरिवाना समेतलाई जनाउछ।

(घ) "करदाता" भन्नाले दफा ५ बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति, फर्म वा संस्थालाई सम्झनुपर्छ।

(ङ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिका, ओखलढुङ्गालाई सम्झनुपर्नेछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

(ज) "प्रादेशिक कार्यालय भन्नाले कोशी प्रदेशका उद्योग, व्यापार, व्यावसाय पेशामहरुको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने सम्बन्धित कार्यालयलाई सम्झनु पर्छ।

(झ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्दछ।

(ञ) "शाखा" भन्नाले व्यापार, व्यवसाय, उद्योग हेर्ने शाखा लाई सम्झनुपर्छ।

(ट) "सङ्घीय कार्यालय" भन्नाले नेपाल सरकारको उद्योग, व्यापार, व्यावसाय पेशामहरुको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने सम्बन्धित कार्यालयलाई सम्झनु पर्छ।

३. **व्यवसाय दर्ता गरी व्यवसाय गर्नुपर्ने सञ्चालन** : गाउँ क्षेत्रभित्र कुनैपनि व्यवसाय सञ्चालन गर्नु अधि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ।

४. **व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने** : (१) गाउँपालिकाभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची - १ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ।
यस्तो दरखास्त फाराममा देहायका कुराहरु खुलेको हुनुपर्छ :-

क) व्यवसायको नाम
ख) व्यवसाय रहने ठेगाना
ग) व्यवसायको प्रकृतिः उद्योग, व्यापार, सेवा, पेशा
घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण
ङ) स्थीर पूँजीगत लगानी
च) व्यवसायीको नाम, ठेगाना र बाबु बाजेको नाम
छ) व्यवसाय रहने घरधनी जग्गाधनीको नाम
ज) समय समयमा गाउँपालिकाले तोकिदिएको अन्य विवरणहरु
झ) व्यवसायीको नागरिकता वा स्थानीय कर इजाजत नं.
ञ) अन्यत्र व्यवसाय दर्ता / इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत/ दर्ता प्रमाण पत्र नम्बर

(२) अनुसूची - १ बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ।

(३) माथि उपदउफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-२ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ।
तर शाखा वा थप कारोवार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाण पत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन्।

५. **कर बुझाउने दायित्व** : (१) गाउँ सभाले पारित भए अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ र

(२) कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई पनि कर बुझाउन वाध्य गर्न सकिनेछ।

६. **व्यवसायको नवीकरण गर्नुपर्ने** : दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३५ दिनभित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नवीकरण गर्नु पर्नेछ।

७. **व्यवसाय सूचीकृत गर्नुपर्ने** : (१) प्रदेश तथा सङघीय सरकारको अधिकारक्षेत्र परी प्रादेशिक तथा सङ्घीय कार्यालयमा दर्ता भई गाउँपालिकाभित्र सञ्चालन रहेका व्यवसाय गाउँपालिकामा अनिवार्य सूचीकृत गर्नु पर्नेछ।

(२) सूचीकृत सबै व्यवसायले गाउँपालिकाको आर्थिक ऐन बमोजिम व्यावसाय कर तिर्नुपर्नेछ।

(३) व्यवसाय सूचीकृत गर्न दफा ४ को उपदफा १ बमोजिमको विवरणसहित दर्ता भएको कार्यालयले दिएको प्रमाणपत्र प्रतिलिपिसहित निवेदन पेश गर्नुपर्नेछ।

(४) उपदफा ३ बमोजिम निवेदन प्राप्त भएमा कार्यालयाले सूचीकृत गरी अनुसूची-४ बमोजिम सूचीकृत भएको प्रमाणपत्र दिनेछ।

८. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने** : (१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरुमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा १५ दिनभित्र सो को जानकारी कार्यालयमा दिनुपर्नेछ।

(२) उपद्रफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेबापत रु. ५००/- थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति, कारोबार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दरभन्दा बढी लाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नुपर्नेछ।

९. **साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने** : (१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार धपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा ५०% वा रु. ५००/- मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँ सारीको लागि निवेदन परेमा कर अधिकृतले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ। यसरी सिफारिस प्राप्त भएकोमा ठाउँ सारी हुने वडा कार्यालयले व्यवसाय दर्ता विवरणमा ठाउँसारी जनाई साबिकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ।

(४) उपदफा ३ बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नौ व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्वन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ।

(६) उपदफा (३) बमोजिम ठाउँ सारी गर्न चाहने करदाताले ठाँउसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु.१०००।- दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

(७) यस कार्यविधि बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ।

१०. <u>**कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने**</u> : (१) कुनै खास पेशा व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ। यसरी भाग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित करदाताको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित 'पेशी तया व्यवसाय स्थलमा गई आवश्यक जांचबुझ गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार कायम राखु पर्नेछ। यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित करदाताको हुनेछ।

११. <u>**व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने**</u> : (१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय सञ्चालन गर्न पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व करदाताको हुनेछ।

(२) यत्स कार्यविधि बमोजिम कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको मानिनेछैन।

१२. **व्यवसाय दर्ता खारेजी गर्न सकिने** : (१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ।

(२) उपदफा (१) वमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिने।

(३) ऐन, नियमावली र यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिव कारण खोली करदाताले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरीचालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि गाउँपालिकामा सिफारिस सहित पठाउनु पर्ने छ। गाउँपालिकाले कागजात अध्ययन गरी लगत कट्टा वापत लिईने सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा सञ्चालन गरेमा र व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलङ्घन गरेमा कार्यालयले व्यवसायको वर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिबाना सरकारी बाँकी सरह करदाताबाट असुल गर्नेछ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व करदातालाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ।

(७) यस दफा अन्तर्गतको उपदफा (५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध करदाताको नाममा गाउँपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी सञ्चालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ। साथै त्यस्ता करदाताको विवरण सार्वजनिक गरिनेछ।

१३. **जरिवाना तथा थप दस्तुर लाग्ने** : (१) कार्यविधिमा तोकिएको, समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा २५ प्रतिशत जरिवाना लिई असुल उपर गरिनेछ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षकोलागि लाग्ने कर रकमको वार्षिक ५० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवानारकम असुल उपर गरिनेछ।

१४. **<u>प्रतिलिपि दिने सक्ने</u>** : व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नवीकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचवुझ गरी प्रतिलिपि दस्तुर लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्नसक्नेछ।

१५. **<u>व्यवसाय सञ्चालन नभएको सिफारिस दिन सक्ने</u>** : प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ।

१६. **<u>व्यवसाय दर्ता/नवीकरण नगरी सञ्चालन गरेमा कारबाही हुने</u>** : (१) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा, सुविधाहरु बन्द गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि तीन महिनाभित्र पनि व्यवसाय दर्ता नवीकरण नगरी व्यवसाय सञ्चालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

१७. **<u>वाधा अड्काउ फुकाउने अधिकार</u>** : (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

(२) प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी माथि उपदफा (१) बमोजिमको बाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन।

## अनुसूची-१

**(दफ़ा ४ को उपदफा १ सँग सम्बन्धित)**

**<u>व्यवसाय दर्ता नवीकरणमा सम्बन्धमा</u>**

मितिः ......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी, सिन्धुपाल्चोक ।

**विषयः व्यवसाय दर्ता/नवीकरण/सूचीकृत गरि पाउँ।**

मैले/हामीले निम्न स्थानमा ................................................ व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त दिन आएको छु/छौं । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिइने आदेश, निर्देशन समेत पालन गर्न मन्जुर छु/छौं । साथै मैले हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम फार्वाही भएमा मन्जुर छुन्छौ ।

१. व्यवसायीको नाम, थरः ..................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२. स्थायी ठेगानाः ................. जिल्ला ................. गाउँपालिका/.न.पा. ............. वडा नं. ................मार्ग ........घर नं.
३. बाबुको नाम, थर :..........................................
४. व्यवसाय रहने स्थानको ठेगानाः वडा नंः ............. मार्ग ....................... घर नं.: ......................
(व्यवसाय कम्प्लेक्स भए पसल संकेत नं.: ........ पोष्ट बक्स नं.: ....... वेभसाइटः ..........................)
५. सम्पर्क फोन नं.: ................................ इमेलः ............................
६. भाडामा रहेको भए व्यवसाय रहने घर जग्गा को घरधनीको नाम, थरः ...............................
७. ठेगानाः ..................... वडा नं.: ........ घर नं.: ................मार्गः .....................
८. व्यवसायको विवरण प्रकृतिः
९. पूँजीगत लगानी रुः
१०. फर्म/कम्पनीको नामः

११. अन्यत्र दर्ता भएको भए दर्ता नं.: ............. कार्यालयः .................................

१२. संलग्न गर्नुपर्ने कागजातहरुः

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १
- व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति
- वडा मुचुल्का - १

........................

मिति : ........................ निवेदकको दस्तखतः

**<u>कार्यालय प्रयोजनका लागि मात्रः-</u>**

निवेदन दस्तुरः ................. दर्ता दस्तुरः ............... व्यवसाय करः ......... जरिवानाः ................
जम्माः ............................. व्यवसाय प्रमाण पत्र नं.: ....................... मितिः...........................

....................... .....................

पेश गर्नेः स्वीकृत गर्नेः

अनुसूची-२
(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

सुनकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## व्यवसाय दर्ता किताब

दर्ता प्रमाणपत्र नं.:

जारी भएको मितिः

व्यवसायको विवरण

१) व्यवसायको प्रकृतिः

२) व्यवसायको किसिमः

३) रहने स्थान/ठेगानाः

वडा नं.: ...... घर नं.: .......

बाटोको नामः

४) अन्य :

व्यवसायीको विवरण

१) नम्बरः

२) नागरिकता नं.

३) ठेगानाः स्थायीः

अस्थायी :

४) वावुको नाम;

५) बाजेको नामः

६) सम्पर्क फोन नं.

७) अन्यः

| असुली आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालू आ.व.को व्यवसाय कर रू. | बक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं.: | प्रमाणित गर्नेको सहि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची-३**

**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

## सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुलखर्क, ओखलढुङ्गा, १ नं. प्रदेश, नेपाल

दर्ता प्रमाणपत्र नं.: .......

दर्ता मितिः ................

## व्यवसाय दर्ता प्रमाण-पत्र

............................ जिल्ला .......................... गाउँपालिका/ नगरपालिका वडा नं. ......... स्थायी ठेगाना भई ओखलढुङ्गा जिल्ला सुनकोशी गाउँपालिका वडा नं.: ..........., .......................... मा व्यवसाय सञ्चालनका लागि गाउँपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गर्ने गरी सुनकोशी गाउँपालिकाको व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत कार्यविधि, २०७५ को दफा ४ को उपदफा ३ बमोजिम निम्न बमोजिम व्यवसाय सञ्चालन गर्न व्यवसाय दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

**व्यवसायको नामः**

**व्यवसाय रहने ठेगानाः**

**सम्पर्क नं.:**

**ईमेलः**

**व्यवसाय रहने घरधनीको नाम, ठेगानाः**

**व्यवसायको प्रकृतिः**

**पूँजीगत लगानी (रू.):**

.........................
व्यवसायीको हस्ताक्षर

..............................
दर्ता गर्ने अधिकृतको हस्ताक्षर

# व्यवसाय नवीकरण

| व्यावसायको नाम | | | | | |
|---|---|---|---|---|---|
| दर्ता प्रमाणपत्र नं. | | | | | |
| नवीकरण मिति | असुली आ.व. | रसिद नं. र मिति | रकम | दस्तखत | कैफियत |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटः**

१) प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यवसाय कर उक्त आ.व.को ३५ दिन भित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ। गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थले व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

३) व्यवसाय बन्द गर्नु परेमा करदाताले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यालयवाट व्यवसाय बन्द भएको जताउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ। अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनुपर्दछ ।

४) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाईएमा प्रचलित कानूनबमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।

९) यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो। कुनै पेशा वा व्यवासय प्रचालित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

अनुसूची-४
(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुलखर्क, ओखलढुङ्गा, १ नं. प्रदेश, नेपाल

प्रमाणपत्र नं.: .......

मितिः .................

## व्यवसाय सूचीकृत प्रमाण-पत्र

............................ जिल्ला .......................... गाउँपालिका/ नगरपालिका वडा नं. ......... स्थायी ठेगाना भई ओखलढुङ्गा जिल्ला सुनकोशी गाउँपालिका वडा नं.: ..........., .......................... मा व्यवसाय सञ्चालनका लागि गाउँपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गर्ने गरी सुनकोशी गाउँपालिकाको व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत कार्यविधि, २०७५ को दफा ७ को उपदफा ४ बमोजिम निम्न बमोजिम व्यवसाय सञ्चालन भएकोले व्यवसाय सूचीकृत गरी यो प्रमाण पत्र दिइएको छ।

**व्यवसायको नामः**

**व्यवसाय रहने ठेगानाः**

**सम्पर्क नं.:**

**ईमेलः**

**व्यवसाय रहने घरधनीको नाम, ठेगानाः**

**व्यवसायको प्रकृतिः**

**पूँजीगत लगानी (रू.):**

**दर्ता प्रमाणपत्र नं.**

**दर्ता भएको कार्यालयः**

.........................
व्यवसायीको हस्ताक्षर

.............................
दर्ता/सूचीकृत गर्ने अधिकृतको हस्ताक्षर

# व्यवसाय करको विवरण

| व्यावसायको नाम | | | | | |
|---|---|---|---|---|---|
| दर्ता प्रमाणपत्र नं. | | | | | |
| मिति | असुली आ.व. | रसिद नं. र मिति | रकम | दस्तखत | कैफियत |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणीकरण मितिः २०७५/०७/१३

आज्ञाले,
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत